रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## INVITATION FOR SEALED QUOTATION

### "आ.व. २०८३/०८४ का लागि ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन गरी बिक्री तथा निकासी गर्ने कार्यको बोलपत्र आह्वानसम्बन्धी सूचना"

( दोश्रो पटक प्रकाशित मितिः २०८३/०५/०९)

याङवरक गाउँपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२क एवंम गाउँ कार्यपालिकाको मितिः२०८२/०६/३१ को निर्णय अनुसार आ.व. २०८३/०८४ को लागी तपसिल बमोजिमका नदीजन्य सामाग्री (ढुङ्गा, गिट्टी, बालुवा) को विक्री तथा निकासी शुल्क संकलनका लागी कार्यालयले तोकेको न्यूनतम रकमबाट बढीबढाउ हुने गरी हार्ड कपी मार्फत ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले भएकोले तपशिलमा उल्लेखित शर्तहरु अनुसार देहाय बमोजिमको मितिः- र समयभित्र दरभाउपत्र खरिद गरि रितपुर्वकको सिलबन्दी दरभाउपत्र आह्वानको लागी यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम रकम (मु.अ. कर. बाहेक) रु. | दरभाउपत्र दस्तुर रकम (रु.) | धरौटी रकम (रु.) | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | YRM/REVENUE /RIVER BED MATERIAL/No. 02/2083/084 | नदीजन्य पदार्थको विक्री तथा निकासी शुल्क संकलन | १२,२४,१९५.९७ (अक्षरुपीः बाह लाख चौविस हजार एक सय पन्चानब्बे रुपैंया सन्तानब्बे पैसा मात्र) | रु. १,०००.०० (अक्षरुपीः एक हजार रुपैंया मात्र) | भ्याट सहितको कबोल रकमको ५% | २०८३/०५/२६, १२:०० |

## शिलबन्दी दरभाउपत्र सम्बन्धि शर्तहरुः

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१-८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि , स्थायी लेखा नम्बर परिचय (PAN) पत्र, वोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा हिमालयन बैंक शाखा कार्यालय मा रहेको यस कार्यालयको YANGWARAK GA-1-1 ANTARIK RAJASWO खाता नं. 12051951550182 मा रु.१,०००.०० नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ८ औं दिनको कार्यालय समयभित्र कार्यालयवाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ। वोलपत्र पेश

राजराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

- बोलपत्रसम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ। आफूले कबोल गरेको रकमको ५% का दरले हुन आउने धरौटी रकम यस कार्यालयको **YANGWARAK GAUNPALIKA GA 3 धरौटी खाता नं. 12051951550131** मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा इजाजतप्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र ठेक्काको नाम उल्लेख गरी **ठेक्का खोल्ने दिनदेखि ७५ औं दिन वा २०८३/०७/३० गतेसम्म** म्याद भएको बिड बण्ड सिलबन्दी खामसाथ पेश गर्नुपर्नेछ।
- खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, वोलपत्र विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन ( २०८३-०५-१६ गते) दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १३:००बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।
- प्रि-विड बैठक यो सूचना प्रकाशित मितिले ७ औं दिन (२०८३-०५-१५ गते) दिनको १:०० बजे याङवरक गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।
- वोलपत्र सम्बन्धी विस्तृत जानकारी वोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका वोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- वोलपत्र स्वीकृत भइ सम्झौताको लागि सूचना पाएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कवोल अंकको प्रथम किस्तावापत ५०% प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्तावापत नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकवाट यस कार्यालयको नाममा २०८४ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै वुझाउनु पर्नेछ।

- बोलपत्रदाताले एकमुस्ट कबोल रकम बुझाएर सम्झौता गर्न आएमा कबोल रकमको १०% छुट उपलब्ध गराइनेछ।
- तोकिएको म्यादभित्र (सम्झौतामा बोलायको ७ दिनभित्र) पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्वन्धित स्थानीय तहवाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड वमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन, २०८२ यस वोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।
- तोकिइको परिमाण भन्दा बढी तथा तोकिएको उत्खनन् क्षेत्रभन्दा अन्य स्थानबाट उत्खनन् गर्न र गराउन पाइनेछैन । उद्खनन् गर्ने समय सम्झौता पश्चात २०८४ साल जेष्ठ मसान्त सम्म मात्र हुनेछ र सो समय भित्र घाटगद्दी प्रमाणीत गरिसक्नु पर्नेछ।
- ठेक्का सम्बन्धि सम्पूर्ण कागजात याङवरक गाउँपालिकाको कार्यालय, थर्पु, पाँचथरमा उपलब्ध हुनेछ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website https://yangwarakmunpanchthar.gov.np/ मा वा ९८४२६७३९१८ मा सम्पर्क समेत गर्न सकिनेछ।

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner